लेखापरीक्षण प्रतिवेदन

पाँचपोखरी थाङपाल गाउँपालिका, सिन्धुपाल्चोक

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

पाँचपोखरी थाङपाल गाउँपालिका, सिन्धुपाल्चोक

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता *(Independence)*
निष्ठा *(Integrity)*
पारदर्शिता *(Transparency)*
जवाफदेहिता *(Accountability)*
व्यावसायिकता *(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख — **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/360

श्रीमान् अध्यक्षज्यू,

पाँचपोखरी थाङपाल गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

"

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/360

श्रीमान् अध्यक्षज्यू ,

पाँचपोखरी थाङपाल गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको रायः

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय-व्ययतर्फ रु.१ अर्ब ४५ करोड ५ लाख २४ हजारको लेखापरीक्षण गरिएको छ।लेखापरीक्षणबाट रु.१ करोड ६ लाख ५५ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.५८ लाख सम्परीक्षण भई प्रतिकृयाबाट थप बेरुजु रु. १६ लाख ९१ हजार समेत असुल गर्नुपर्ने रु.२ लाख २ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२८ लाख र नियमित गर्नुपर्ने रु.३५ लाख ४४ हजार गरी जम्मा रु.६५ लाख ४६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.७ करोड ३७ लाख ६१ हजारमध्ये रु.३ करोड १९ लाख ७९ हजार सम्परीक्षण भई यस वर्षको थप रु.६५ लाख ४६ हजार समेत हालसम्म अद्यावधिक बेरुजु रु.४ करोड ८३ लाख २८ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ।लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५६	४०	१,०६,५४,७९०	०	२३	५७,९९,६७४	१६,९०,५१८	५६	१७	६५,४५,६३४	२,०१,८११	३५,४३,६९३	२८,००,१३०	०	०	६३,४३,८२३	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सिन्धुपाल्चोक	७,३७,६०,९२९	०	३,१९,७८,६७९	४१७८२२५०	०	६५,४५,६३४	४८३२७८८४

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	३४	सम्झौता भन्दा बढी भुक्तानी -	१,११,५९९
२	२०८१/८२	३०	भरपाइ पेश गर्नुपर्ने -	७,३७,०६०
३	२०८१/८२	२२.३	बुद्ध मूर्ति निर्माण -	३,२३,१९०
४	२०८१/८२	४३	प्रविधि हस्तान्तरण	१९,४००
५	२०८१/८२	२९	प्रदेश समपूरक अनुदान -	३५,९०,५१८
६	२०८१/८२	३३	पि एस आइटम भुक्तानी -	१,१५,२४२
७	२०८१/८२	३८.२	दिवाखाजा	४३,५३०

८	२०८१/८२	११	दाखिला प्रमाण पेश नभएको -	६,४६,७२०
९	२०८१/८२	२८.२	ताप्केस्योङ झर्ना सिंचाई -	५१,६२९
१०	२०८१/८२	१२	चिया विस्तार कार्यक्रम-	५०,०००
११	२०८१/८२	१७.२ र १७.३	चालु खर्च -	७९,४६०
१२	२०८१/८२	२१	आन्तरिक लेखापरीक्षण-	३१,३२६
१३	२०८०/८१	४०	हस्तान्तरण गर्न नमिल्ने कार्य उपभोक्ता समितिबाट	६६,७९,४१९
१४	२०८०/८१	८३	स्वीकृत कार्यक्रम बेगर खर्च	१,९५,५००
१५	२०८०/८१	८०.२	स्वास्थ्य तर्फ	४१,८५,०७३
१६	२०८०/८१	४३	सोझै खरिद (गा.पा. पुँजीगततर्फ)	२४,९८,१०२
१७	२०८०/८१	७२	सक्कल बिजक बेगर भुक्तानी	७,००,६८०
१८	२०८०/८१	५८.१ र ५८.२	विपद व्यवस्थापन कोष परिचालन	७,००,०००
१९	२०८०/८१	८८	विद्यार्थी संख्या भन्दा बढी पुस्तक खरिद	२,७६,६८९
२०	२०८०/८१	५४.१	वडा नं. १ को कार्यालय भवन निर्माण	४०,०००
२१	२०८०/८१	४४	लागत अनुमान बेगर खरिद कार्य	३३,८५,९५०
२२	२०८०/८१	५९	मालसामान हस्तान्तरण नभएको	५,९३,२५०
२३	२०८०/८१	५२	बिल, भर्पाई पेश नभएको	१७,५०,०००
२४	२०८०/८१	६०	फरक शीर्षक/कार्यक्रमबाट खर्च	२५,१९,५५९
२५	२०८०/८१	६५	पेश्की बाँकी	१,५०,०००
२६	२०८०/८१	६३	नन-फाइलर	४,४१,५२६
२७	२०८०/८१	४१	कार्यालय तथा वडाका कर्मचारी मार्फत् कार्य	८,९१,८४८
२८	२०७९/८०	६२	बैठक भत्ताः	३,२६,४००
२९	२०७९/८०	५१.१	पेश्की सम्वन्धमा देखिएको व्यहोरा	११,१७,००९
३०	२०७९/८०	४२	पूर्व निर्धारित क्षतिपुर्तीः	२,३८,३५९
३१	२०७९/८०	३८.१,३८.२	ग्रामिण दुरसंचार विकास कार्यक्रम	१०,६१,३३२
३२	२०७८/७९	१७.१	एकिकृत कर प्रणाली	४,५०,३०५
३३	२०७८/७९	४८.१	आ. ले. प. बेरुजु	८५,५२२

३४	२०७७/७८	३७	मुल्यांकन भन्दा बढी भुक्तानी	२८,३१,५३८
३५	२०७७/७८	४०	ननफाईलर	९,९२,९५२
३६	२०७७/७८	७३.३	कृषि अनुदान	९,४६,१४०
जम्मा				३,८८,५६,८२७

पाँचपोखरी थाङपाल गाउँपालिका, सिन्धुपाल्चोक

(८०३२७५०४३००)

पाँचपोखरी थाङपाल गाउँपालिका , सिन्धुपाल्चोक

परिचय

१

(क) कार्यालय परिचय :-स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्त्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।कुल क्षेत्रफल ४३६.४ वर्ग किलोमिटर रहेको यस पालिकाको वडा संख्या ८, सभा सदस्य संख्या ४३ तथा जनसंख्या ३४६७९ रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।४ देखि २०८२।५।८ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय – व्ययतर्फ रु.१ अर्ब ४५ करोड ५ लाख २४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.९३१६३ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	सामाजिक सुरक्षा भत्ताको वितरण पश्चात बैंकबाट फिर्ता गरेको	२६५३२
२	करकट्टी गर्न बाँकी रकम दाखिला	१६३६०
३	उपभोक्ता समितिलाई फरक दरमा भुक्तानी	५०२७१

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण-**

२.१ **वित्तीय प्रतिवेदन** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनूसूचीमा सम्लग्न गरिएको छ ।

पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारो एकीकृत वित्तीय विवरण

आ.व. २०८१/८२ को एकीकृत आय-व्ययको विवरण					
आय तर्फ			खर्च तर्फ		
सिन	शिर्षक	रकम	सिन	शिर्षक	रकम
१	गत वर्षको अल्या	७४१९२८४०	१	चालु तर्फ	
२	आन्तरिक आम्दानि			पालिका चालु	१३०९३४२९३
	सिफारिस दस्तुर	१३३६८७५		संघिय सशर्त चालु	१६४२०८००६
	नक्सापास दस्तुर	५१९४३		प्रदेश सशर्त चालु	१६६३४६५३
	बहाल कर	३७७७९७			
	भुमिमालपोत	९०४६८०	२	पुजिंगत तर्फ	
	नाता प्रमाणित दस्तुर	४३०८५२		पालिका पुजिंगत	१६२६७३६२६
	व्यक्तीगत घटना दस्तुर	३३३५००		संघिय पुजिंगत	२००००००
	अन्य राजस्व	२१०९६३४		प्रदेश पुजिंगत	१६०४८८९८
	बेरुजु	१६९९०२			
	सम्पति कर	५६९५९	3	समपुरक अनुदान	
	अन्य	३८५४११६		संघिय	०
३	संघिय सरकारबाट प्राप्त			प्रदेश	१२९११३४१
	समानिकरण	१०५२४८७२०			
	सर्शत	१९१७१००००	4	विशेष अनुदान	
	विशेष	३३००००००		संघिय	२२६५१५६५
				प्रदेश	०
४	प्रदेश सरकारबाट प्राप्त				
	समानिकरण	११४०१०००	5	जिल्ला समन्वय समिति	२४८५२९८
	सर्शत	३६२४८०००			
	समपुरक	१६८०००००	६	अन्य कार्यक्रम तर्फ	
				स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७२५०००
५	वाँडफाँडबाट प्राप्त			सामाजिक सुरक्षा तथा संरक्षण	१३०३६१६८६
	संघिय सरकारबाट प्राप्त	९५७४३२५७		विद्यालय शिक्षा क्षेत्र योजना	८५०८५८
	प्रदेश सरकारबाट प्राप्त	३१६९६०५०		काठमाण्डौं उपत्यका खानेपानी प्रशारण आयोजना दोस्रो	५००००००
	घरजग्गा रजिष्टेशन	१३४११७९		आन्तरीक मामिला तथा कानुन मन्त्रालय	५०००००
	रोयल्टी	४६१०३२५			

			७	कोषहरु तर्फ खर्च	
६	अन्य कार्यक्रम तर्फ			विविध खर्च खाता	१२१५९२४३
	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७२५०००		प्रकोप व्यवस्थापन कोष	१५१९८३९९
	सामाजिक सुरक्षा तथा संरक्षण	१३०३६१६८६		कर्मचारी कल्याण कोष	०
	विद्यालय शिक्षा क्षेत्र योजना	८५०८५८		धरौटी	३४४६४७९
	काठमाण्डौं उपत्यका खानेपानी प्रशारण आयोजना दोस्रो	५००००००			
	आन्तरीक मामिला तथा कानुन मन्त्रालय	५०००००	८	बैंक मौज्दात	
				संचितकोष	२१३२६१३७
७	जिल्ला समन्वय समितिबाट प्राप्त	२७३१३५३		विविध खर्च खाता	३९०६१६८
				प्रकोप व्यवस्थापन कोष	४७५९३३४
८	कोषहरु तर्फ			कर्मचारी कल्याण कोष	२००३७७२
	विविध खर्च खाता	१०६४५३७०		धरौटी	११८०१६०७
	प्रकोप व्यवस्थापन कोष	१६९०००००	९	अनुदान निकासा फिर्ता	
	कर्मचारी कल्याण कोष	५०००००		संघिय	३४८९४४२८
				प्रदेश	६७७६२९८
९	धरौटी	४४२५१९३			
जम्मा		७८४२५७०८९	जम्मा		७८४२५७०८९

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३०३६१६८६, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.७२५०००, विद्यालय शिक्षा क्षेत्र योजनाको रु.८५०८५८ काठमाडौं उपत्यका खानेपानी प्रशारण योजना दोस्रोको रु.५०००००० र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु.५००००० समेत गरी रु.१३७४३७५४४ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.१३७४३७५४४ यस वर्षको भुक्तानी रु.१३७४३७५४४ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	७४१९२८४०	५३०६९५८८१	५६११०८०६०	४३७८०६६१
एकीकृत आर्थिक विवरणअनुसार	७४१९२८४०	६६८१३३४२५	६९८५४५६०४	४३७८०६६१
फरक		१३७४३७५४४	१३७४३७५४४	०

३ बजेट तथा कार्यक्रम-

३.१ **बजेट तथा कार्यक्रम तर्जुमा-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

३.२ **बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्ष श्री सुनिता अधिकारीले मिति २०८१।३।१० मा रु.६२ करोड ५ लाख ४० हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।२६ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाइ बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

३.३ **बजेट अवण्डा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.८००००००।- बजेट अबण्डाको रुपमा व्यवस्था गरी २ कार्यक्रमहरुमा रु. ७४६७०००।- खर्च गरेको छ। बजेट अबण्डाको रुपमा राखी कार्यपालिकाको नीति तथा कार्यक्रमको निर्णय नं. ४० अनुसार खर्च गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।
पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका कार्यक्रमहरु देहाय अनुसार छन् :

क्र सं	योजनाको नाम	बजेट	खर्च
१	अध्यक्षसँग जनता कार्यक्रम	५००००००	४९४९०००
२	उपाध्यक्ष समृद्धि कार्यक्रम	३००००००	२५१८०००
	जमम्मा	८००००००	७४६७०००

३.४ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा कुल २१० योजनामा वजेट विनियोजन गरेको छ।

क्र. स	विवरण	योजना संख्या	रकम (रु. हजारमा)
१	रु.१ लाखभन्दा कमको योजना	८	६७७
२	रु. १ लाख देखि ५ लाख सम्मका योजना	१२३	४४६६६
३	रु. ५ लाखदेखि २० लाख सम्मका योजना	६९	९२९६५
	जम्मा	२००	१३८३०८

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २१० योजनामात्र कार्यान्वियन भई १० योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

३.५ **लक्ष्य प्रगति**- कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गरेको पाइएन ।

३.६ **क्षेत्रगत बजेट र खर्चको स्थिति**- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।०८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	क्षेत्र	बजेट (रु. हजारमा)	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	६७७४२	५१८९४	७६.६१
२	सामाजिक विकास	२३५८०३	२०४९९३	८६.९३
३	पूर्वाधार विकास	१८६७४८	१५९७९३	८५.५७
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	४५१७६	३७८५८	८३.८०
५	कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र	८५०६९	७६००६	८९.३५
जम्मा		**६२०५३८**	**५३०५४४**	८५.५०

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये ६२०५३८०००।- कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा सबैभन्दा बढी ८९.३५ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ७६.६१ प्रतिशत रहेको छ।

३.७ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ।

बजेट उपशिर्षक	कुल खर्च		त्रैमासिक खर्च (रु. हजारमा)			
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
पुँजीगत खर्चतर्फ	२१८७७१	१९६४२	१०८७२	६५०५२	१२३८८१	५५१६२
प्रतिशत	१००	९	५	३०	५७	२५

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. २१८७७१०००।- निकासा भएकोमा प्रथम त्रैमासिकमा ९ प्रतिशत, दोस्रो त्रैमासिकमा ५ प्रतिशत, तेस्रो त्रैमासिकमा ३० प्रतिशत र चौथो त्रैमासिकमा ५७ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ

महिनामा मात्र २५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

३.८ **निर्माण कार्य व्यवस्थापन** -पालिकाले आर्थिक वर्ष २०८१।८२ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाय बमोजिम रहेको छ । **(रु.हजारमा)**

कार्यक्रमको संख्या	निर्माणमा भएको कूल खर्च	उपभोक्ता समितिबाट		निर्माण व्यवसायीबाट	
		संख्या	रकम	संख्या	रकम
२१०	१६६७३१	१९७	११८३०८	१३	४८४२३

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल २१० योजना मध्ये ठेक्का मार्फत १३ वटा योजनामा रु.४करोड ८४ लाख २३ हजार खर्च गरेको छ, भने उपभोक्ता समिति मार्फत सञ्चालित १९७ योजनामा रु.११ करोड ८३ लाख ८ हजार खर्च गरेको छ। अर्थात १६ करोड ६७ लाख ३१ हजार योजनामा भएको खर्च मध्ये २९ प्रतिशत ठेक्का प्रक्रिया र ७१ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ। पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ।

४ आन्तरिक नियन्त्रण प्रणाली-

४.१ **आन्तरिक नियन्त्रण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

• कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

४.२ **खर्चमा मितव्यिता कायम गर्नुपर्ने** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष अतिथि सत्कार र विविध खर्चमा देहायबमोजिम खर्च लेखेको पाईयो।

खर्च शिर्षक	आर्थिक वर्ष २०८१/०८२ खर्च रु	आर्थिक वर्ष २०८०/८१ को खर्च रु	गत वर्षको तुलनामा खर्च वृद्धि प्रतिशत
विविध	३१५७६३४	३१२७५८८	०.९५%
अतिथि सत्कार	१४२७०४६	६६७३३१	**53.23%**

उल्लेखित विवरण अनुसार पालिकाको अतिथि सत्कार र विविध खर्च बढ्दै गएको देखिन्छ । पालिकाको आव २०८१/८२ को आन्तरिक आय रु ९६२५३८९ रहेको छ। यस आर्थिक वर्षमा आन्तरिक आयको ३२.८ प्रतिशत विविधमा र १४.८३ प्रतिशत अतिथि सत्कारमा खर्च भएको देखिन्छ । पालिकाको आन्तरिक आय अनुत्पादक क्षेत्रमा बढ्दै जानु विकास निर्माणको खर्चमा कटौति हुँदै जाने हुनाले यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ।

५ संगठन तथा कर्मचारी व्यवस्थापन -

५.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, हेल्थ असिष्टेन्ट सहित १२ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

५.२ **अवकास कोष**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष आन्तरिक स्रोतबाट कर्मचारी अवकास कोषमा रु. ५ लाख ट्रान्सफर गरेको छ। तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन।

६ कानून निर्माण एवं कार्यान्वयन-

६.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि यस पालिकाले हालसम्म २८ वटा ऐन, १५ वटा नियमावली, ४० कार्यविधि लगायत ८३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकाले ८३ वटै कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत राजपत्रमा प्रकाशन गरेको छ।

६.२ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १७ र यो वर्ष थप भएको १०० गरी कुल ११७ विवाद दर्ता भएकोमा १०३ वटा मात्र फर्स्यौट भई १४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

७ अनुदानको अनुगमन-

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले कृषि, पशु कार्यक्रमका लागि रु.१०७०००० अनुदान खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

८ **खरिद तथा योजना कार्यान्वयन-**

८.१ **खरिद योजना**- सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१७७९७९०२७।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

८.२ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले आवधिक योजना तयार गरेता पनि सो को पूर्णरुपमा कार्यान्वयन भएको देखिएन। पालिकाले आवधिक योजनाको पूर्णरुपमा कार्यान्वयन गर्नुपर्दछ।

९ **परामर्स तथा डीपीआर खर्च -**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ।

कार्य विवरण	परामर्शदाता	लागत अनुमान	खर्च रकम	योजनाहरु	हाल योजनाको अवस्था
विस्तृत अध्ययन अनुसन्धान	क्रिटिकल एक्सिस इन्जिनियरिङ्ग सोलुसन प्रा.लि	५०००००	४९५३३३	**१.** चारधाम लेखर्क वडा नं. ६ **२.** वेत्रावती मन्दिर वडा नं. ८	प्रदेश तर्फ वजेट माग डिपिआर सहित पेश गरिएको
विस्तृत अध्ययन अनुसन्धान	पास कन्सल्टेन्ट प्रा.लि.	१००००००	९९००००	**१.** खड्कुले छागो वडा नं. २ **२.** लार्के बुद्धपार्क वडा नं. ३ **३.** गोब्रे मन्जुश्री पार्क वडा नं. ७	प्रदेश तर्फ वजेट माग डिपिआर सहित पेश गरिएको

१० **कन्टिन्जेन्सी खर्चको अभिलेख-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको 4 प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा

पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च 2 प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ। कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ। कार्यालयले आ.व २०८१।०८२ मा कन्टीन्जेन्सी बापत रु.३१२७०५५।- खर्च गरेको छ। यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन।

११ **दाखिला प्रमाण पेश नभएको** -

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१२** को निर्णयले रू **६४६,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१२ **चिया विस्तार कार्यक्रम**-

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१२** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१३ **सहकारी नियमन**-

सहकारी नियमन- सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४० वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको २० वटा, सक्रिय २१ वटा, निष्कृय १९ वटा र समस्याग्रस्त सहकारी ४ वटा रहेको पाइयो । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

१४ **ऋण परिचालन** -

पाँचपोखरी थाङपाल गाउँपालिकाले आय आर्जनको लागि पूँजीको दिगो, चक्रिय र व्यवस्थित परिचालन सम्बन्धी कार्यविधी २०८० स्वीकृत गरी लागू गरेको छ। सोही कार्यविधी बमोजिम पालिकाद्धारा छनौटमा परेका देहायका ३ सहकारी संस्थालाई सम्झौता गरी चक्रिय पूँजी परिचालनको लागि यो वर्ष रु.१५ लाख उपलब्ध गराएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार देखिएका छन्

१४.१ • उक्त कार्यविधी २०८० को परिच्छेद ४ को १२ मा सहकारी संस्थाको नाममा रकम जम्मा भएको जानकारी सम्बन्धित सहकारी संस्थाले पाएमा दफा ६ को उपदफा (ग) बमोजिम ऋण लगानी गर्दा अबलम्बन गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पूरा गराई सो रकम वरावरको ऋण उद्यमी।लाभग्राहीलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ। उल्लेखित व्यवस्था बमोजिम सहकारी संस्थाले प्राप्त चक्रिय पूँजी परिचालन गरेको देखिएन।

• कार्यविधीको परिच्छेद ६ को दफा ३३ मा लाभग्राहीको सूचीकरण गर्नुपूर्व तथा सहकारी संस्थाले लगानी गरेपछि समय समयमा पालिकाले तोकिएको कर्मचारी मार्फत अनुगमन गराउनु पर्ने, दफा ३४ मा सम्बन्धित सहकारीले आफूले लगानी गर्नुपूर्व र लगानी गरेपछि अनिवार्य र नियमित रुपमा अनुगमन गर्नु गराउनु पर्नेमा सम्बन्धित निकायहरुबाट अनुगमन तथा सुपरीवेक्षण भएको देखिएन। कार्यविधीको परिपालना गर्नुपर्दछ।

१४.२ कार्यविधिको परिच्छेद ७ को दफा ३८ मा तोकिए बमोजिम ढाँचामा लेखा राखी सहकारीले वार्षिक लेखापरीक्षण गराउनुपर्ने र लेखापरीक्षण प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नुपर्नेमा प्रतिवेदन पेश भएको देखिएन। कार्यविधीमा उल्लेखित प्रावधान बमोजिम

लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ।

भौ.नं.।मिति	सहकारीको नाम	सम्झौता मिति	रकम
७-०८१।१०।२०	आमा याङ्ग्री कृषि सहकारी संस्था लि.	२०८१।१०।८	४०००००
७-०८१।१०।२०	च्योच्यो साना किसान कृषि सहकारी लि.	२०८१।१०।८	१००००००
८-०८१।११।११	मानेखर्क महिला साना कृषि सहकारी	२०८१।१०।२८	१०००००
जम्मा			**१५०००००**

१५ **राजस्व व्यवस्थापन -**

१५.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.९७९६०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा रु.9625389।- अर्थात अनुमान भन्दा १.७४ प्रतिशत कम आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

१५.२ **व्यवसाय कर**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.६३९८८४।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

१५.३ **आन्तरिक आय** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
१८८८५९५७१	९६२५३८९	५.१०

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.१० प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१६ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

सि.नं.	राजस्व संकेत	आम्दानी शीर्षक	अनुमान	आम्दानी
१	११३१३	सम्पती कर	१००००००	५६९६०
२	११३१४	भुमिकर/मालपोत	८०००००	९०४६८१
३	११३१७	वहाल कर	७०००००	३७७७९७
४	११४५१	सवारी साधन कर (साना सवारी)	०	५००
५	११६११	व्यवसायले भुक्तानी गर्ने	७०००००	७३२५
६	११६३१	कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	०	१५९२५
७	११६९१	अन्य कर	०	६८५०२६
८	१४२११	कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	०	१५००
९	१४२१८	विद्युत सेवा शुल्क	०	२००
१०	१४२१९	अन्य सेवा शुल्क तथा बिक्री	०	१०००
११	१४२२१	न्यायिक दस्तूर	५००००	०
१२	१४२२४	परीक्षा शुल्क	५००००	३६०००
१३	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	०	१२७५९५
१४	१४२४२	नक्सापास दस्तुर	२०००००	५१९४३
१५	१४२४३	सिफारिश दस्तुर	१५०००००	१३३६८७५
१६	१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	७०००००	३३३५००
१७	१४२४५	नाता प्रमाणित दस्तुर	५०००००	४३०८५२
१८	१४२४९	अन्य दस्तुर	६०००००	११८६८७
१९	१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	५०००००	५७६४३५
२०	१४२६३	जलस्रोत सम्बन्धी अन्य दस्तुर	०	१३९५०
२१	१४२६५	अन्य क्षेत्रको आय	०	२०९८
२२	१४३११	न्यायिक दण्ड जरिवाना र जफत	०	६००
२३	१४५२९	अन्य राजस्व	१८९६०००	४३१२५९०
२४	१४६११	व्यवसाय कर	५०००००	६३४५०
२५	१५१११	बेरूजू	१०००००	१६९९०२
	जम्मा		९७९६०००	९६२५३८९

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१७ **चालु खर्च** -

१७.१

रितपूर्बकको कर बिजक – (७७५-२०८२।३।२१) मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ।पालिकाले प्रगति पुस्तिका प्रकाशन गरी जन परिसंवाद प्रा.लि(पा.नं. ६१०४३९१८६) को विल बमोजिम मुल्य अभिवृद्धि कर रु.17923 समेत रु.३००००० भुक्तानी गरेकोमा उक्त प्रा.लि मुल्य अभिवृद्धि करमा दर्ता नभएको, मु.अ.कर हातले लेखि विल जारी गरेकोले उक्त रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१७,९२३

१७.२ **बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२९,४६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१७.३ **सम्झौता भन्दा बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१२** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१८ **हेल्प साथी शिक्षक र टिच फर नेपाल साझेदारी कार्यक्रम-**

पालिकाले हेल्प साथी शिक्षक र टिच फर नेपाल साझेदारी कार्यक्रमकोलागि क्रमशः टिच फर नेपाल र हेलम्बु एजुकेसन एण्ड लाइभलीहुड पार्टनरसीप हेल्प संस्थाहरुसँग सम्झौता गरी २ साझेदार संस्थालाई देहायअनुसार रु ३१०८००० भुक्तानी भएको देखियो। साझेदारी कार्यक्रम सञ्चालन गर्दा साझेदारीमा नियुक्त गरीएका शिक्षकहरुको तलब सम्बन्धित शिक्षकको खातामा भुत्तानी गर्नुपर्ने व्यहोरा सम्झौतामा उल्लेख गरेको छैन।सम्झौतामा शिक्षकहरुको पारिश्रमिक सम्बन्धितको खातामा भुक्तानी भएको रकम सम्बन्धित शिक्षकले पाए नपाएको सम्बन्धमा आश्वस्त हुन सकिएन।साझेदारीमा नियुक्त भएका शिक्षकको खाता मार्फत सम्झौता बमोजिम पारिश्रमिक भुक्तानी भए नभएको सम्बन्धमा अनुगमन मुल्यांकन गरी सोको प्रतिवेदन र संस्थाको लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी भुक्तानी दिएको रकम सोही प्रयोजनमा खर्च भए नभएको सम्बन्धमा सुनिश्चित गर्नुपर्दछ।

साझेदार संस्थाको नाम	साझेदारी शिक्षक संख्या	साझेदारी प्रतिशत	पालिकाले खर्च गरेको रकम	कैफियत	सम्झौता मिति
टिच फर नेपाल	७	नखुलाएको मासिक १५००० हुने गरी १० महिनाको पालिकाले व्यहोर्ने	१२६००००	संस्थाले व्यहोरेको लागत रकम कति हो र उक्त रकम व्यहोरे नव्यहोरेको नखुलेको	२०७९/१२/२४ दुइ वर्षको लागि ४००४०००
हेलम्बु एजुकेसन एण्ड लाइभलीहुड पार्टनरसीप हेल्प	१०	७० प्रतिशत पालिकाले व्यहोर्ने	१८४८०००	संस्थाले व्यहोरेको लागत रकम कति हो र उक्त रकम व्यहोरे नव्यहोरेको नखुलेको	२०८१/६/८ २ वर्षको लागि रु १०५००००

१९ **वृत्तचित्र-**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजा तसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। पालिकाले गो.भौ.नं. ५८७-२०८२/२/२६ बाट नेपाल सोसल इ मिडिया प्रालि सँग मिति २०८१/९/१२ मा सम्झौता गरी बृतचित्र निर्माण वापत रु. ३३३३८१ भुक्तानी दिएको देखिन्छ । सार्वजनिक खरिद नियमावलीको

नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा मुख्य जनशक्ति तथा अन्य जनशक्तिको पारिश्रमिक, भ्रमण खर्च, जनशक्तिको बसोवास खर्च, कार्यालय खर्च, आवश्यक मालसमान, उपकारण र सेवा खर्च, प्रतिवेदन र अन्य कागजातको अनुवाद, छपाई खर्च, परामर्शदातले तालिम गोष्ठी वा भ्रमणको व्यवस्था गर्नुपर्ने भए त्यस्तो कामको लागि लाग्ने खर्च र अन्य खर्च खुलाई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उल्लेखित बिषय यकिन नगरी सम्झौता गरेको देखिन्छ ।पालिकाले निर्माण गरेको वृत्तचित्र सार्वजनिक नगरेको तथा PAMS दाखिला पनि गरेको पाइएन। पालिकाले सम्झौता गर्दा सार्वजनिक खरिद नियमावलीमा भएका प्रावधानको पालना गर्नुपर्दछ साथै कानून बमोजिम उत्पादन तथा प्रसारण भएको सामाग्रीको कार्यालयमा अभिलेख राख्नुपर्दछ।

२० **खेलकुद कार्यक्रम-**

सार्वजनिक खरिद नियमावलीको नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा मुख्य जनशक्ति तथा अन्य जनशक्तिको पारिश्रमिक, भ्रमण खर्च, जनशक्तिको बसोवास खर्च, कार्यालय खर्च, आवश्यक मालसमान, उपकारण र सेवा खर्च, प्रतिवेदन र अन्य कागजातको अनुवाद, छपाई खर्च, परामर्शदातले तालिम गोष्ठी वा भ्रमणको व्यवस्था गर्नुपर्ने भए त्यस्तो कामको लागि लाग्ने खर्च र अन्य खर्च खुलाई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उल्लेखित बिषय यकिन नगरी खेलकुद संचालन गर्ने संस्था तथा व्यक्तिबाट कार्यक्रमको लागत अनुमान तयार नगरी, कार्यक्रम सञ्चालनको अख्तियारी नदिएको कार्यक्रमलाई विल तथा भरपाइको आधारमा भुक्तानी दिएको देखिन्छ। पालिकाले खेलकुद कार्यक्रम तर्फ रु.२७३०००० विनियोजन भएकोमा रु २७२५१५० खर्च गरेको देखिन्छ। पालिकाले खेलकुद कार्यक्रमको भुक्तानी दिँदा सार्वजनिक खरिद ऐन नियमको पालना हुने गरी लागत अनुमान तयार भएको कार्यक्रम सञ्चालनको अख्तियारी दिएका कार्यक्रमको मात्र भुक्तानी गर्नुपर्दछ।

२१ **आन्तरिक लेखापरीक्षण-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८५ मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यक प्रमाण संलग्न गरी नियमित गर्नु पर्ने भए नियमित गराई बेरुजु फस्र्योट गराउनु पर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु अन्तिम लेखापरीक्षणसम्म फछर्यौट गरेको पाइएन। नियमावलीमा भएको व्यवस्था बमोजिम कायम बेरुजुको असुल तथा प्रमाण पेश गर्नुपर्ने रु.

गो.भौ.नं./ मिति	**विवरण**	**रकम**
२०-०८१।६।२८	**बढी भुक्तानी :** बोलगाउँ यांग्री मोटरबाटो मर्मत कार्य गर्दा कडा चट्टानमा कार्य गर्दा ५० प्रतिशत ढुंगाको लागत घटाउनुपर्नेमा कट्टी नभएकोले श्री इन्द्रावती यांग्री झोलुङ्गे पुल मर्मत उपभोक्ता समितिबाट रु.३७७१२ असुलउपर गर्नुपर्दछ । सडकको नम्स अनुसार हाडरकको काममा ५० प्रतिशत ढुंगा ग्याविन लगाउने काममा उपयोग गर्नुपर्ने व्यवस्था छ। ५० प्रतिशत हाडरक- ८८.२ घनमिटरको कामबाट ढुंगा उपयोग २७ घनमिटर हुनुपर्नेमा सोको समेत भुक्तानी भएकोले रु.१३९७ को दरले बढी भुक्तानी भएको असुल हुनुपर्ने रु.	**३७७१२**
	जम्मा	३७७१२

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२१** को निर्णयले रू **११,६९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१२** को निर्णयले रू **१९,६३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	३७,७१२

२२ **बुद्ध मूर्ति निर्माण -**

२२.१ **कार्य प्रगति**-गाउँपालिका र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानबीच भएको सम्झौतामा प्रतिष्ठानले मुर्ति निर्माण कार्यको प्रगति विवरण चौमासिक रुपमा पेश गर्नुपर्ने उल्लेख भएकोमा सो अनुसार प्रगति विवरण पेश गर्ने गरेको देखिएन । मिति २०७८।८।२६ मा भएको पहिलो ससम्झौता बमोजिम २ वर्षभित्र अर्थात् २०८०।८।२५ भित्र कार्य सम्पन्न गर्नुपर्नेमा २०८० आषाढ मसान्तसम्म करिब ७९

प्रतिशत समय व्यतीत हुँदा ४१ प्रतिशत मात्र कार्य प्रगति भएको गतवर्षको प्रतिवेदनमा उल्लेख भएकोमा यस वर्ष प्रगती विवरण पेश नभएकोले सो सम्बन्धमा विश्लेषण गर्न सकिएन। पालिकाले सार्वजनिक खरिद नियमावली बमोजिम म्याद थप प्रक्रिया अवलम्बन नगरी मिति २०८०।१२।१३ मा परिमार्जित सम्झौता गरेको देखिएकोमा यस्तो परिमार्जित सम्झौताको वैधानिक आधार देखिँदैन । अतः निर्धारित समय, लागत र गुणस्तर बमोजिम मुर्ति निर्माण कार्य गर्न, गराउन आवश्यक पहल हुनुपर्दछ ।

बीमा- गाउँपालिका र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानबीच भएको सम्झौताको दफा १० मा प्रति व्यक्ति रु. ५ लाखका दरले मुर्तिकार तथा कामदारहरुको बीमा गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार मुर्तिकार तथा कामदारहरुको बीमा गरेको पाइएन। अतः सम्झौताअनुसार बीमा गरी, गराई सम्भावित जोखिमलाई न्यूनीकरण गर्नुपर्दछ ।

२२.२

खर्चको विवरण- गाउँपालिका कार्यालयले गाउँपालिकाको वडा नं. ७ स्थित भोटेनाम्लाङ्गमा ठुलो ढुङ्गा खोपी ८४ फीट अग्लो बुद्ध मुर्ति निर्माण गर्न २०७८।७९ मा रु. १८६,६४,८६५।- को लागत अनुमान तयार गरी उक्त कार्य नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान मार्फत् गराउन मिति २०७८।८।२६ मा २ वर्षभित्र सम्पन्न गर्ने गरी लागत अनुमान बमोजिमकै सम्झौता भएको देखिन्छ । साथै साविककै सम्झौता रकम कायम हुने गरी मिति २०८०।१२।१३ मा गाउँपालिका र प्रतिष्ठानबीच परिमार्जित सम्झौता भएको देखियो । उक्त कार्यको लागि हालसम्म देहायअनुसार रु.८८,८२,४१० (पेश्की रु.१२,००,०००।- समेत) भुक्तानी भएको देखियोः-

आर्थिक वर्ष	**भुक्तानी खर्च रु.**
२०७८।७९	४३६३७१९।-
२०७९।८०	२०२३२८१।-
२०८०।८१	२४९५४१०।-
२०८१।८२	४१०००००(रु ६६७८१० पेश्की सहित)
जम्मा	**११७,८२,४१०।-**

यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:-

२२.३ मूर्ति निर्माण कार्यको खर्च लेखांकन

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१६** को निर्णयले रू **३२३,१९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२२.४ **खरिद विधि सम्बन्धमा-** सार्वजनिक खरिद ऐनको दफा ८ मा सार्वजनिक निकायले खरिद गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मूल्यको आधारमा मालसामान खरिद, निर्माण कार्य वा अन्य सेवा खरिद गर्दा ऐनमा व्यवस्था भएबमोजिम कुनै एक विधि अपनाई खरिद गर्नुपर्ने उल्लेख छ। त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु. १० लाखसम्मको निर्माण कार्य वा मालसामान सोझै विधिबाट, नियम ८४ बमोजिम रु. १० लाख देखि २० लाखसम्मको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट तथा नियमावलीको नियम ३१ बमोजिम रु. २० लाख भन्दा बढीको खरिद गर्दा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐन नियममा उल्लेखित मध्ये व्यवस्थाभन्दा फरक नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानसँग प्रस्ताव माग गरी वार्ताद्वारा उक्त खरिद सम्झौता गरेको देखियो । विशेष प्रकृतिको कार्य भएकोले उक्त प्रतिष्ठानसँग वार्ता गरी खरिद सम्झौता गरिएको पालिका कार्यालयको भनाइ रहेको छ । यद्यपि यस्तो प्रकृतिको कार्य गर्ने सम्भावित व्यक्ति तथा संस्थाहरुसँग सिलबन्दी प्रस्ताव माग गर्ने वा सार्वजनिक सूचना आव्हान गरी प्रतिस्पर्धात्मक तवरबाट उपयुक्त खरिद विधि मार्फत् निर्माण व्यवसायी वा सेवा प्रदायक छनोट गर्नुपर्नेमा पालिका कार्यालयले सो अनुसार नगरी एक संस्थासँग सोझै वार्ता गरी रु. १ करोड ८६ लाखको सम्झौता गरी कार्य गराएको नियमसम्मत देखिएन ।

२३ **उपभोक्ता समिति मार्फत निर्माण कार्य -**

२३.१ **उपभोक्ता समितिमार्फत कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ। पालिकाले यो बर्ष विभिन्न २१० उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.११ करोड ८३ लाख ८ हजार भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएका केही व्यहोरा देहाय बमोजिम रहेका छन् ।

• उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था रहेकोमा निर्माण व्यवसायीमार्फत कार्य गराएको,

• उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेकोमा जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको,

• उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन,

• सार्वजनिक खरिद नियमावली २०६४, को नियम ११२ बमोजिम खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्दा नियमानुसार त्रुटि सच्याउने अवधिसम्मको बीमा गर्नुपर्ने उल्लेख भएकोमा बीमा गराएको छैन,

• पालिकाले उपभोक्ता समितिसँग कार्य गराउँदा सम्झौतामा नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नुपर्ने, र त्यसको लेखापरीक्षण गराउनुपर्ने, उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत संभार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्वन्धित कार्यालयलाई बुझाउनु पर्ने, आयोजानाको आवश्यक मर्मत संभारको व्यवस्था सम्वन्धित उपभोक्ताहरुले नै गर्नुपर्ने लगायतको शर्तको व्यवस्था गरेको देखिन्छ । तर उक्त शर्तहरुको पालना गराउने र सोको अनुगमन गर्ने कार्य भएको छैन,

• उपभोक्ता समिति मार्फत हुने कार्यमा लागत अनुमान बरावर कार्यसम्पन्न भएको, नापी किताब लुजसिटमा रहेको।

उपभोक्ता समितिमार्फत गरिएका कार्यहरुमा उल्लेखित अवस्थामा सुधार गरी गुणस्तर सुनिश्चित गर्नुपर्दछ ।

२३.२ **फरक दररेट प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्स एवं जिल्ला दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता मार्फत निर्माण कार्य गर्दा दररेट विश्लेषण गर्दा निम्नानुसारका कार्यमा बढी दर कायम गरेको देखियो। दररेट विश्लेषणभन्दा बढी भुक्तानी उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

गोभौनं./मिति	**उपभोक्ता समिति र काम**	**कार्य**	**परिमाण**	**हुनुपर्ने दर**	**भएको**	**बढी रकम**
३८१-०८२।३।१०	बस्नेतटोल सडक	Stone soiling	१३.१	३२७१	४०८८	१०६९९
		PCC(1:2:4)	५.७७	९३६५	१२६१७	१८७६४
१८८-०८१।१२।२७	खानेपानी व्यवस्थापन	PCC(1:2:4)	५.६३	१२६१६	१४०९४	८३२१
४१८-०८२।३।२०	पण्डितटोल कुलघर वाटो	PCC(1:3:6)	९.१३	११३२५	१५०५२	३४०१५
जम्मा						**७१७९९**

असुल गर्नुपर्ने	७१,७९९

२३.३ **उपभोक्ता समितिबाट हस्तान्तरण गर्न नमिल्ने कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी सिर्जना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत् गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । पालिका २४४-०८२।१।१५ मा प्रतिस्पर्धात्मक खरिद विधिबाट निर्माण गर्नुपर्ने र आफ्नै स्वामित्वमा राख्नुपर्ने वडा कार्यालय भवन व्यवस्थापनको कार्य उपभोक्ता समिति मार्फत् गराई रु.३७६४१३ भुक्तानी गरेको पाइयो। उपभोक्ता समिति मार्फत कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्दछ।

२३.४ जटिलसंरचना निर्माण – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गोभौनं./मिति	**उपभोक्ता समितिको नाम**	**भुक्तानी रकम**
३३१।२०८२।२।२७	सामुदायिक भवन निर्माण	९७००००
२४५।२०८२।१।१५	सुखदुख सामुदायिक भवन निर्माण	९३५८२५
२४३।२०८२।१।१५	माने तथा छिम्ति सामुदायिक भवन निर्माण	४७१३८४
२६४।२०८२।१।२८	जम्राङ सामुदायिक भवन	९७००००
२६५।२०८२।१।२८	कोल्भाङ सामुदायिक भवन	९७००००

२४ **सव कन्ट्याक्टरबाट काम गराएको -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ ।नमुना छनौट गरी परीक्षण गर्दा देहायका उपभोक्ता समितिले बाटो निर्माणको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको नियमसम्मत नदेखिएको रु.

गो.भौ.नं.।मिति	उपभोक्ता समितिको नाम	काम	निर्माण व्यवसायी	उ.स भुक्तानी	नि.व्य विल रकम
५५-०८१।०९।१	दशैलक्षित मोटरवाटो सरसफाई	मोटरबाटो	गोल्मेश्वरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि	५३३५००	५९४२३८
६६-०८१।०९।८	भोटेनाम्लाङ लप्से मोटरबाटो	मोटरबाटो	भोटेनाम्लाङ सप्लायर्स एण्ड निर्माण सेवा	४८४२६९	५३९०१०
८५-०८१।१०।४	ढुपकाङ ग्याल्सिम सडक	मोटरबाटो	खुमा देवी कन्स्ट्रक्सन प्रा.लि	६७९०००	७६०१०५
			जम्मा	**१६९६७६९**	

अनियमित भएको	१६,९६,७६९

२५ **बढी भुक्तानी** -

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका उपभोक्ता समितिलाई भुक्तानी गर्दा कार्यसम्पन्न प्रतिवेदनमा उल्लेखित भन्दा बढी भुक्तानी भएको देखिन्छ। कार्यसम्पन्न र नापी मुल्यांकन भन्दा बढी भुक्तानी भएको उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

क्र.स	भौ.नं.	काम	सम्झौता	कार्यसम्पन्न	भुक्तानी हुनुपर्ने	भुक्तानी भएको	बढी भुक्तानी
१	२-०८१।४।२० र ६-०८१।६।१	तिपेनी भोटेनाम्लाङ मोटरबाटो मर्मत उ.स	२४२५०००	२४३३६३५	१८४२९४१	१९२५०००	८२०५८
२	२१९-०८२।१।८	दलित मसाने वारी	२४२५००	२३०४९३	२१२४६४	२४२५००	३००३१
	जम्मा						**११२०८९**
						असुल गर्नुपर्ने	१,१२,०८९

२६ **अमानतबाट कार्य -**

सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ९८ मा रु. १ लाखसम्मको निर्माण कार्य अमानतबाट गराउन सकिने व्यवस्था रहे तापनि त्यसरी कार्य गराउँदा सोही नियमावलीको व्यवस्थाअनुसार एक तह माथिको अधिकारीको स्वीकृति समेत नलिई पालिका कार्यालयले अमानतबाट गराई भुक्तानी गर्ने गरेको पाइयो। सार्वजनिक खरिदसम्बन्धी कार्य कर्मचारी मार्फत् गराउँदा सार्वजनिक खरिदमा पारदर्शिता तथा प्रतिस्पर्धामा संकुचन आउने देखिएकोले यस्तो कार्य नियन्त्रण गरी प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गर्नुपर्दछ।

क्र.स	भौ.नं.	नाम	काम	भुक्तानी
१	२३-०८१।६।२१	रामजी पौड्याल	वाढी पहिरोबाट क्षति भएको व्यक्तिगत बारी संरक्षण सफाइ गरेको	९००००
२	२५-०८१।६।२१	नेत्र बहादुर तामाङ	गोरेटो बाटो मर्मत	४५०००
३	५३-०८१।८।१८	बुद्धलाल ज्योती	तिपेनि ड्याम साइड मर्मत	१२३३४६

२७ **बिमा -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक २० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन गर्ने खर्च, निर्माण व्यवसायीले निर्माणस्थलमा ल्याएको आफ्नो उपकरण, त्रुटी सच्याउने अवधिको जोखिम, कुनै कर्मचारीलाई चोटपटक लागेमा वा निजको मृत्यू भएमा हुने त्रुटी सच्याउने अवधि १३ महिना जोखिमसमेत निर्माण व्यवसायीसँग सम्झौतामा भएको विमाको व्यवस्था अनुसार निर्माण कार्यको शूरु हुँदा नै विमा गर्नुपर्नेमा व्यवस्था छ। कार्यालयले निम्नानुसारका निर्माण व्यवसायीमार्फत कार्य गराउदा कम अवधिको विमा गरेता पनि रकम भुक्तानी गरेको छ। सम्झौता अवधिको विमा पोलिसी पेश भए पछि मात्र भुक्तानी गर्नुपर्दछ।

सि.नं.	ठेक्का नं.	सम्झौता अवधि	विमा अवधि	कबोल रकम	विमा वापत भुक्तानी रकम
१	०२- ०८१।८२	२०८१।९।१ देखि २०८२।३।१	०८२।२।२६ देखि ०८२।३।१	६००००	३३२१७
२	१३-०८१।८२	०८२।१।२२ देखि ०८२।३।१५	०८२।२।२६ देखि ०८२।३।१	८००००	२८५७८
३	०३- ०८१।८२	०८१।८।२७ देखि ०८२।२।३०	०८२।३।२ देखि ०८२।३।१०	६००००	४३९८२

२८ **ताप्केस्योङ झर्ना सिंचाई -**

प्रदेश सरकारको समपुरक बजेट ०३।०८१-८२ ठेक्काको ताप्केस्योङ झर्ना सिंचाईको लागत अनुमान रु.९७५५१३८(भ्याट र पिएस समेत) भएकोमा जय सिद्धिकाली भोटेनाम्लाङ जे.भी सँग २०८१।८।२७ मा रु.६९४८७२७(भ्याट र पिएस समेत) मा सम्झौता गरी २०८२।२।३० सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निम्नानुसारका व्यहोरा रहेका छन्

२८.१ **नयाँ आइटममा भेरिएसन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौताका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाइ भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। पालिकाले तोप्केस्याङ झर्ना सिचाई निर्माण कार्यका लागि बोलपत्र मार्फत जय सिद्धिकाली भोटेनाम्लाङ जे. भी सँग २०८१।८।२७ मा

रु.६९४८७२७(भ्याट र पिएस समेत) मा लागत अनुमानको ३०.५९ प्रतिशत घटीमा कबोल गरेको देखिन्छ। नयाँ आइटममा भेरिएसन गर्दा वार्ताको माध्यमबाट रेट कायम गर्नुपर्नेमा पालिकाले जिल्ला दररेटलाई आधार लिइ निर्माण कार्यको रु.२१६९२४ भुक्तानी दिएको देखिन्छ। नयाँ आइटममा वार्ताको माध्यमबाट दररेट कायम गर्नुपर्नेमा सोझै भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

क्र.स	काम	कामको परिमाण	दर	रकम
१	UPVC slioding window	७.२९	६९९७	५१००८
२	UPVC slioding window	३.६०	९०३६	३२५२९
३	Stainless steel pipe 2 inch dia	७८	६०२	४६९५६
४	32mm pipe PN10	३००	६९.९७	२०९९१
५	Laying and joining of pipeline	१	१००००	१००००
६	Garbage bin dust bin	५	८८८८	४४४४०
७	Water tank	११	१०००	११०००
	जम्मा			**२१६९२४**

अनियमित भएको	२,१६,९२४

२८.२ **पूर्व निर्धारित क्षतिपूर्ति**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१६** को निर्णयले रू **५१,६२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२८.३ **लमसम आइटमको भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। पालिकाले निर्माण कार्यको लागत अनुमान तयार गर्दा "ट्रान्सपोर्टेशन" शीर्षकमा लमसम आइटमको रु.१,३०,००० राखी स्वीकृत गरेकोमा भेरिएसन आदेशबाट निर्माण व्यवसायीले सोहि शीर्षकमा रु.२००,००० कायम गरी भुक्तानी लिएको पाइयो। लमसम आइटममा ट्रान्सपोर्टेसनको रु.७०००० को मुल्य अभिवृद्धि सहित रु.७९१०० भुक्तानी गर्न मिल्ने रकमको आधार पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	७१,९००

२९ **प्रदेश समपूरक अनुदान** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **३,५९०,५१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३० **भर्पाइ पेश गर्नुपर्ने** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१२** को निर्णयले रू **२४९,४६४**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१२** को निर्णयले रू **४८७,५९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३१ **स्वास्थ्य चौकी अनुदान** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली¸ २०७७ नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टि गर्ने बील भरपाई कागजात र प्रमाण संलग्न राख्नु पर्ने उल्लेख छ। पालिकाले ११३-०८१।१०।३० मा वरुवा स्वास्थ्य चौकी जग्गा व्यवस्थापनका लागि रु.१० लाख अनुदान भुक्तानी भएको देखिन्छ। अनुदानको उपयोग र खर्चको प्रमाण पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१०,००,०००

३२ **कार्यसम्पादन जमानतको म्याद**

सार्वजनिक खरिद नियमावली, ३०६४ को नियम ११०(४) अनुसार कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित मालसामन आपूर्तिकर्ता वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति(वारेन्टी) अवधि वा निर्माण कार्यको त्रुटी सच्याउने दायित्व(डिफेक्ट लायवबिलिटिज) को अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ। पालिकाले ठेक्का नं. ०९।२०८०-८१ को गाईपाइले देखि शहिद पार्कसम्म सडक स्तरोन्नती कार्यका लागि भोटेनाम्लाङ सप्लायर्स एण्ड निर्माण सेवा निर्माण कार्य २०८२।१।२९ मा सम्पन्न गरेकोमा कार्यसम्पादन जमानतको अवधि २०८३।२।२९ सम्म हुनुपर्नेमा रु.३५०८०८० को मान्य अवधि २०८२।३।१३ सम्म मात्र रहेको पाइयो। अतः प्रचलित कानूनी व्यवस्था अनुसार कार्य सम्पादन जमानत म्याद थप गर्नुपर्दछ।

३३ **पि एस आइटम भुक्तानी** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२१** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१२** को निर्णयले रू **४८,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१२** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२१,६४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३४ **सम्झौता भन्दा बढी भुक्तानी** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१११,५९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३५ **भेरियसन** -

३५.१ **बढी कवोल गरेको आइटममा भेरिएसन –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौताका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाइ भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। पालिकाले सिउरेनी सिचाँइ योजनाका लागि रु.२६७५८७० को लागत अनुमान तयार गरी बोलपत्र गरेकोमा एकमात्र वोलपत्र दाता भोटेनाम्लाङ सप्लायर्स एण्ड निर्माण सेवाले रु.२६५१५२९ अर्थात ०.००९ प्रतिशत घटीमा ठेक्का स्वीकृत भएको देखिन्छ। पालिकाले निर्माण व्यवसायीले Roadway excavation all type of soil को १३६६५ घ.मि रु.५० मा कबोल गरेकोमा सो कार्य ४५५० मात्र कार्य गराई बढी कबोल गरेको Roadway excavation ordinary rock को कार्य १५०० घ.मि रु.५०० कबोल गरेमा २४५० घ.मि अर्थात ९५० घ.मि बढी कार्य गराई ४७५००० को सन्तुलन भेरिएसन गरेको देखिन्छ।

३५.२ **पूर्वानुमान गर्न सकिने आइटममा भेरिएसन –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौताका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाइ भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। पालिकाबाट वोलपत्र मार्फत सडक स्तरोन्नतीका कार्यमा पि.पि.सी को कार्यमा फर्माको काम लाग्ने पुर्वानुमान गर्न सकिने अवस्थामा समेत भेरिएसन मार्फत रु.१२४६००३ भुक्तानी भएको देखिन्छ। पूर्वानुमान गर्न सकिने आइटममा भेरिएसन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

क्र.स	**ठेक्का नं.**	**काम**	**कार्य**	**परिमाण**	**भुक्तानी**
१	१०-०८०।८१	शहिदपार्क देखि मेगा वैंकसम्म सडक स्तरोन्नती	फर्माको काम	६००.८२	३५०४९५
२	०९-०८०।८१	गाइपाइले देखि शहिद पार्कसम्म सडक स्तरोन्नती	फर्माको काम	१६४०.१९	८९५५०८
	जम्मा				**१२४६००३**

३६ प्रतिविद्यार्थी लागत र शैक्षिक गुणस्तर

प्रतिव्यक्ति लागत

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ को प्रति विद्यार्थी लागत देहायअनुसार रहेको छ

बजेट विवरण	बजेट रकम	खर्च रकम	विद्यार्थी संख्या	प्रति विद्यार्थी लागत
संघीय सरकार-सशर्त	१३१७६२०००	११६७६२७९६	५०१३	२७५०५.७०
प्रदेश सरकार	२२७२०००	१८०९२९३		
स्थानीय सरकार	२१३५१२५०	१९३१४४०७		
जम्मा	१५५३८५२५०	१३७८८६४९६	५०१३	२७५०५.००

शैक्षिक गुणस्तर

यस पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८१सालको एस. ई. ई. परीक्षामा देहायको विद्यार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहायबमोजिम रहेको छ

एस.ई.ई. परीक्षामा सहभागी जम्मा विद्यार्थी संख्या		उतीर्ण विद्यार्थी सङ्ख्या		उतीर्ण प्रतिशत		जी.पी.ए.को अवस्था		
संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	जी.पी.ए.	संस्थागत	सामुदायिक
0	२२२	00	१७३	0	७७.९२	३.६१-४.००(A+)	०	३
						३.२१-३.६०(A)	०	३१

माथिको तालिकाहरु अध्ययन गर्दा यस पालिकाअन्तर्गत विद्यालयका प्रतिविद्यार्थी लागत वार्षिक रु.२७५०५।०० रहेको देखिन्छ भने शैक्षिक गुणस्तरतर्फ हेर्दा एस.ई.ई. परीक्षामा सामुदायिक विद्यालयतर्फ २२२ जना एस.ई.ई. परीक्षामा सहभागी भएकोमा १७३ जनामात्र (७७.९२ प्रतिशत) उतीर्ण भएको देखिन्छ । सोमध्ये ३.६१-४.००(A+) जी.पी.ए. ल्याएर उतीर्ण हुने ३ जना छन भने

३.२१-३.६०(A) जी.पी.ए. ल्याएर उतीर्ण हुने ३१ जना मात्र छन। यसरी सामुदायिक विद्यालयमा सरकारले गरेको लगानी अनुसार शैक्षिकस्तर गुणस्तरीय भएको देखिदैन। पालिकाले विद्यालयहरुमा आवश्यक अनुगमन गरी शैक्षिक गुणस्तरसम्बन्धमा यथार्थ अवस्था पत्ता लगाई सम्बन्धित सरोकारवाला पक्षहरुसँग आवश्यक समन्वय, सहकार्य, अन्तरक्रिया गरी शैक्षिक गुणस्तर सुधार गर्न ध्यान दिनुपर्दछ।

३७ सामुदायिक सिकाइ केन्द्र

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि, आर्थिक वर्ष २०८१।८२ को दफा ६.७ मा स्थानीय तहले नियमित रूपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको स्थलगत निरीक्षण गरी वार्षिक साधारण सभा भएको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आवको खर्च स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको र शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS) भरेका यी पाँच मापदण्ड पूरा गरेका सामुदायिक सिकाइ केन्द्रहरूलाई एकमुस्ट रु. ३ लाख रकम अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ।सामुदायिक सिकाइ केन्द्रले परिचालकको प्रमाणित हाजिरी अभिलेख हेरी मासिक रु.१००००।०० का दरले १२ महिनाको पारिश्रमिक र चाडपर्व खर्च बैङ्कमार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। यस पालिकाद्वारा देहायका सामुदायिक अध्ययन/ सिकाइ केन्द्रलाई देहायअनुसार भुक्तानी गरेको पाइन्छ ।

सामुदायिक सिकाइ केन्द्र। मापदण्ड	**वार्षिक साधारण सभा भएको**	**साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको**	**गत आवको खर्च स्वीकृत गरेको**	**लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको,**	**शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS) भरेका**	**भुक्तानी रकम कार्यक्रमबापत**	**सामुदायिक परिचालकलाई पारिश्रमिक भुक्तानी वार्षिक**	**जम्मा भुक्तानी**
थाडपाल धाप सामुदायिकसिकाइकेन्द्र	छैन	छैन	छैन	छ	छैन	१७००००।००	१३००००।००	३०००००।००
पाँचपोखरी सामुदायिक सिकाइ केन्द्र	छैन	छैन	छैन	छ	छैन	१७००००।००	१३००००।००	३०००००।००
लागर्चे सामुदायिक सिकाइ केन्द्र	छैन	छैन	छैन	छ	छैन	१७००००।००	१३००००।००	३०००००।००
सातकन्या सामुदायिक सिकाइ केन्द्र	छैन	छैन	छैन	छ	छैन	१७००००।००	१३००००।००	३०००००।००
जुगल सामुदायिक सिकाइ केन्द्र	छैन	छैन	छैन	छ	छैन	०	१३००००।००	१३००००।००
ब ाँसखर्क सामुदायिक सिकाइ केन्द्र	छैन	छैन	छैन	छ	छैन	१७००००।००	१३००००।००	३०००००।००
जम्म						**८५००००।००**	**७८००००।००**	**१६३००००।००**

कार्यक्रम कार्यान्वयन कार्यविधि, आर्थिक वर्ष २०८१।०८२ मा व्यवस्था भएबमोजिम मापदण्ड विपरित भुक्तानी भएको नियमसम्मत नभएको रकम रु.

अनियमित भएको	१६,३०,०००

३८ दिवाखाजा

३८.१ शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा सामुदायिक विद्यालयमा बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीको लागि दिवाखाजा सम्बन्धी व्यवस्था छ।कार्यविधि बमोजिम स्थानीय तहले

दिवा खाजाबापत रकम निकासा गर्दा विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी संख्या यकिन भएपछि मात्र खाजाबापतको अनुदान उपलब्ध गराउने व्यवस्था छ।पालिकाले २४ विद्यालयका विद्यार्थीहरुका लागि प्रतविद्यार्थी रु १५ का दरले यो वर्ष रु ७३६२९९५ निकासा अनुदान दिएको छ।IEMIS अनुसारको संख्या र विद्यालयहरुले तयार गरेको विद्यार्थी संख्या को सत्यापन गराई यकिन भएको तथ्यांकको आधारमा निकासा दिनुपर्नेमा पालिकाले अनुगमन गरी प्रतिवेदन लिएको छैन। कार्यविधिमा तोकिएको प्रकृया पुरा गरी अनुगमन प्रतिवेदन लिने व्यवस्था मिलाउनुपर्दछ।

३८.२ दिवा खाजा अनुदान निकासा

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२१** को निर्णयले रू **९,१९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२१** को निर्णयले रू **१७,०८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२१** को निर्णयले रू **७,९२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२१** को निर्णयले रू **२,३४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२१** को निर्णयले रू **२,११५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२१** को निर्णयले रू **४,८७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३९ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली, २०५९ को नियम ७७(१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । साथै सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालयहरु समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गर्नुपर्ने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार ४१ विद्यालयमध्ये १० विद्यालयको यो वर्षको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

सि.नं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	श्री पाँचपोखरी आवि	१	७	१:७
२	श्री थाङ्पालधाप मावि	१६	१८५	१:११
३	श्री क्षेत्रपालेश्वरी मावि	१३	१६१	१:१२
४	श्री जुगल आवि	१	१२	१:१२
५	श्री धङ्जला आवि	४	६०	१:१५
६	श्री कुम्भेश्वरी आ.वि	४	१५६	१:३९
७	श्री सातकन्यादेवि आवि	२	८३	१:४१
८	श्री भोताङ्देवि मावि	७	३३१	१:४७
९	श्री सातकन्यामति मा.वि	५	४०८	१:८१
१०	श्री भोटेनाम्लाङ मावि	८	६७८	१:८४

उल्लिखित विवरण अनुसार पालिकामा कुल शिक्षक संख्या १४९ जना रहेकोमा विद्यार्थी संख्या ५०१३ रहेको छ। पालिकाका सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात न्यूनतम १:०७ देखि अधिकतम १:८१ रहेको छ भने २४ वटा विद्यालयलको औषत शिक्षक विद्यार्थी अनुपात १:३३ रहेको छ। पालिकाले यस आर्थिक वर्षमा विद्यालय मर्जरको कार्य आंशिक रुपमा गरेको छ।सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून अवस्था रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्दै गएको अवस्था देखिन्छ । आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गर्नुपर्दछ ।

४० शिक्षक दरबन्दी र पदपूर्ति

शिक्षा नियमावली २०५९ को नियम ९२ मा मन्त्रालयको स्वीकृत दरबन्दीको आधारमा सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दी अनुसूची १२ बमोजिम हुनुपर्ने कुरा उल्लेख छ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	विद्यालय सङ्ख्या	शिक्षक दरबन्दी सङ्ख्या	पदपूर्ती	पदपूर्तीमध्ये		विद्यार्थी संख्या
				स्थायी	राहत/करार	
१	२४	१४९	१४९	८१	६८	५०१३

उल्लिखित विवरणअनुसार पालिकामा २४ वटा विद्यालयमा १४९ शिक्षक दरबन्दी स्वीकृत गरेकोमा ८१ स्थायी ६८ करार/राहतमा नियुक्ति गरिएको छ।

४१ विद्यार्थी निर्वाह खर्च व्यावहारिक अभ्यास (OJT)

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि आर्थिक वर्ष २०८१।८२ को क्रियाकलाप नं २.७.१३.५० मा विद्यालयबाट भरिएको IEMIS प्रतिवेदनमा उल्लेखित विद्यार्थी संख्याको आधारमा लागत अनुदान दिन सकिने र त्यसैगरी प्राविधिक धारअन्तर्गत अध्ययनरत विद्यार्थीले तोकिएको कक्षामा व्यावहारिक अभ्यास गर्नको लागि व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३, बमोजिम कक्षा १० पछि ३ महिना, कक्षा ११ पछि ३ महिना, कक्षा १२ पछि ६ महिनाको व्यावहारिक अभ्यास गराउने तथा विद्यार्थी निर्वाह खर्च व्यावहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना १ हजारका दरले रकम सम्बन्धित विद्यार्थीको बैड्क खातामा उपलब्ध गराउने व्यवस्था छ ।

पालिकाले क्षेत्रपालेश्वर मा वि लाई कक्षा १० का २२ जनाको रु.६६०००।००, कक्षा ११ को ८ जनाको ३ महिनाको रु.२४०००।००

समेत रु.९००००।०० र कक्षा १२ मा ७ जनाको ६ महिनाको लागि रु.४२०००।०० गरी कूल रु.१३२००००।०० अनुदान दिइएको देखियो । निर्देशिका बमोजिम OJT मा सहभागि सम्बन्धित विद्यार्थीको बैङ्क खातामा रकम उपलब्ध गराउनुपर्ने उल्लेख भएकोमा सोअनुसार नभइ नगद भुक्तानी गरेकोले निर्देशिकाको उल्लिखित व्यवस्थाको पालना गर्नुपर्दछ ।

४२ **मकैबाली पकेट विकास कार्यक्रम**

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कृषि कार्यक्रमको बीउ बिजन उत्पादन आपूर्ति तथा व्यवस्थापन कार्यविधि २०८१ को दफा ८(छ) मा स्थानीय तहले ५० प्रतिशत अनुदानमा उन्नत बीउ वितरण गर्ने सम्बन्धमा व्यवस्था छ ।

मकैबाली पकेट विकास कार्यक्रम सञ्चालनका लागि मिति २०८१।०९।२२ मा प्रस्ताव पेश गर्ने सूचनाबमोजिम पालिकाले प्रतिकेजी रु.५००।०० दरको हाइब्रिड मकैको बीउ र प्रतिकेजी रु.१५०।०० दरको उन्नत जातको मकैको बीउ कृषकबाट ५०% लागत साझेदारीमा गर्ने गरी मूल्य तय गरेको देखिन्छ। पालिकाले प्रतिकेजी रु.५००।०० दरको हाइब्रिड मकैको बीउ ३५३ के.जी. र प्रतिकेजी रु.१५०।०० दरको उन्नत जातको मकैको बीउ १६२५ के.जी. वितरण गरेको देखिन्छ। तर पालिकाबाट प्रतिकेजी रु.५००।०० दरको हाइब्रिड मकैको बीउ ३०० के.जी. मात्र खरिद गरेको देखिन्छ भने प्रतिकेजी रु.१५०।०० दरको उन्नत जातको मकैको बीउ १४०० के.जी. गरी १७०० के.जी.को रु.३६००००।०० बराबरको मकै खरिद गरी सेजल एग्रो कन्सर्नलाई पालिकाबाट रु.१८००००।०० भुक्तानी भएको देखिन्छ भने कृषकबाट ५०% लागत साझेदारीबापत असुली भएको प्रतिकेजी रु.५००।०० दरको हाइब्रिड मकैको बीउ ३५३ के.जी.को रकम रु.८८२५०।०० र प्रतिकेजी रु.१५०।०० दरको उन्नत जातको मकैको बीउ १६२५ के.जी. को रकम रु.१२१८७५।०० गरी जम्मा रु.२१०१२५।०० कार्यसञ्चालन कोषमा दाखिला गरेको देखिएन र सम्बन्धित सेजल एग्रो कन्सर्नलाई भुक्तानी गरिएको देखिएन ।

पालिकाले अनुगमन गरी यकिन गरी कृषकबाट असुली भएको र भुक्तानी भएको रकमको सम्बन्धमा यथार्थ विवरण भएको प्रतिवेदन पेश गर्नुपर्दछ । साथै पालिकाले अनुदान वितरण र खर्च व्यवस्थापन कार्यविधिको नियमानुसार पालना गर्नु गराउनुपर्दछ ।

४३ **प्रविधि हस्तान्तरण**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२१** को निर्णयले रु **१९,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४४ **निःशुल्क उपचार सहायता**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ। नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया बारेमा उल्लेख छ। सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ। नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ। सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार बापतको आर्थिक सहायता वितरण बापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट मुटु रोगको उपचारको ७ जना, क्यान्सर रोगको उपचारको १७ जना, हेड इन्जुरि , स्पाइनल इन्जुरि रोगको ५ जना गरी २९ जनाका लागि उपचारको लागि १३ वटा विभिन्न अस्पतालमा पालिकाबाट सिफारिस भएको पाइयो ।

४५ **औषधी खरिद**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ ।पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको

आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, व्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । औषधी खरिदको लागि इविड मार्फत सुचना प्रकाशन गरेकोमा कुनै प्रस्ताव पेश नगरेको कारण पालिकाले निर्णय गरी सोझै खरिद विधिबाट यसवर्ष संघीय शसर्त बजेट उपशिर्षकबाट औषधि र उपकरण खरिद गरी सेतीदेवी मेडिसिन सप्लायर्सलाई रु १९९९३१ र श्रृजित मेडिसिन एण्ड सप्लायर्स प्रा लि लाई रु ९२७८०० गरी जम्मा रु ११२७७३१ भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

४६ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा १८ योजना सञ्चालन गरी सूचीकृत १७७२ बेरोजगारमध्ये यस वर्ष १०४ जनालाई औसत ९२.३३ दिनले ९६०२ दिन रोजगारी उपलव्ध गराई रु.६४१४१३६।०० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थः कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

४७ **सूचनाको हक**

राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर, काठमाण्डौँको प.सं.२०८१।०८२ च.नं. ४४२ को निर्णय कार्यान्वयनसम्बन्धी निर्णयानुसार सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचना हकसम्बन्धि नियमावली,२०६५ बमोजिम नागरिकको सूचनाको हको सम्बर्द्धन संरक्षण र प्रचलन गर्नेसम्बन्धमा सूचना अधिकारी तोकेको कि नतोकेको, सूचनाको वर्गीकरण अद्यावधिक गरे नगरेको, तीन।तीन महिनामा स्वतः सूचना प्रकाशन गर्नुपर्ने विवरण प्रकाशित गरे नगरेको, वेव साइट भए नभएको वेवसाइट भएमा नियमित अद्यावधिक हुने गरेको नगरेको, सार्वजनिक निकायसँग माग भएको सूचनाको विवरणको छुट्टै अभिलेख राखे नराखेको सम्बन्धमा परीक्षण गर्न महालेखा परीक्षकको कार्यालयलाई पत्र लेखिएको छ ।पालिका सूचनाको हकको कार्यान्वयनसम्बन्धमा परीक्षण गर्दा सूचना अधिकारी तोकेको, सूचनाको वर्गीकरण अद्यावधिक गरिएको, वेव साइट भए नभएको सम्बन्धमा वेवसाइट भएको र नियमित अद्यावधिक हुने गरिएको, सार्वजनिक निकायसँग माग भएको सूचनाको विवरणको छुट्टै अभिलेख राखिएको पाइएको तर तीन।तीन महिनामा स्वतः सूचना प्रकाशन गर्नुपर्ने विवरण प्रकाशित नगरेको पाइयो ।पालिकाले तीन।तीन महिनामा स्वतः सूचना प्रकाशन गर्नुपर्ने विवरण प्रकाशित गरी नागरिकको सूचनाको हको सम्बर्द्धन संरक्षण र प्रचलन गराउनुपर्दछ ।

४८ **सामाजिक सुरक्षा तर्फः**

४८.१ **भत्ता वितरण**- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३, ४ र ५ ले लाभग्राहीको नाम दर्ता, नवीकरण र लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी र अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वापत यस वर्ष कूल रु. १३०३६१६८६।- वितरण गरेको छ। विभिन्न वर्गका लाभग्राहीलाई वितरण गरेको रकम प्रतिवेदनको अनुसूची ६ मा देहाय अनुसार खर्च भएको देखिन्छः

जिल्ला : सिन्धुपाल्चोक गा.पा/न.पा. : पाँचपोखरी थाङपाल आर्थिक वर्ष : २०८१/८२								
लाभग्राही वर्ग	प्रथम त्रैमासिक		दोस्रो त्रैमासिक		तेस्रो त्रैमासिक		चौथो त्रैमासिक	
	संङ्ख्या	रकम	संङ्ख्या	रकम	संङ्ख्या	रकम	संङ्ख्या	रकम
अन्य जेष्ठ नागरिक भत्ता	२०८१	२४८२४०००	२०९९	२५०८०६८९	२१०७	२५२०२५२०	२१९५	२६०५३३२०
जेष्ठ नागरिक भत्ता (दलित)	९०	७१८२००	८९	६९४१७१	८८	७०२२४०	८५	६७२९८०
जेष्ठ नागरिक एकल महिला	२००	१५९६०००	२०२	१५९३३४०	२००	१५९३३४०	१७४	१३७९६८२
जेष्ठ नागरिक क्षेत्र तोकिएका	०	०	०	०	०	०	०	०
विधवा	४०९	३२४२५४०	४२७	३३६४९००	४३९	३४७३९६०	४४६	३५२४५००
पूर्ण अपाङ्गता भत्ता	५८	६९०२७०	५८	६९४२६०	५८	६८६२८०	६०	७१०२२०
अति अशक्त अपाङ्गता भत्ता	१४४	९१७१६८	१४४	९१५०४०	१४४	९१९२९६	१४६	९२९९३६
क्षेत्र तोकिएका बालबालिका	०	०	०	०	०	०	०	०
लोपन्मूख बालबालिका	०	०	०	०	०	०	०	०
दलित बालबालिका	१६९	२६३७२२	१६९	२४९७०१	१५२	२३०५९७	१४२	२१३६५९
लोपन्मुख जाति	०	०	०	०	०	०	०	०
जम्मा	३१५१	३२२५१९००	३१८८	३२५९२१०१	३१८८	३२८०८२३३	३२४८	३३४८४२९७

४८.२ **नागरिकता नम्बर दोहोरो** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १२ मा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैंक/वित्तीय संस्था बीच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रिकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। सामाजिक सुरक्षा भत्ता वितरण अभिलेख परीक्षण गर्दा पालिकाले ३३६ जना लाभग्राहीहरूलाई नागरिकता नम्बर दोहोरो देखिने गरी सामाजिक सुरक्षा भत्ता वापत रु.१५००५२०८।- भुक्तानी गरेको छ। नागरिकता नम्बर दोहोरो हुनुका कारण पालिकाबाट यकिन र लाभग्राहीको विवरण अद्यावधिक गरी भत्ता वितरण यथार्थपरक गरिनुपर्दछ।

४८.३ **निष्कृय खाता तथा लगत कट्टा**- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंक तथा वित्तीय संस्थाले खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार एक आर्थिक वर्ष सम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक वैंकबाट अनुसूची ११ वमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्रचलित कार्यविधि अनुसार वैंक तथा वित्तीय संस्थाले निष्कृय खाताको निम्न विवरण उपलब्ध गराएको छ। पालिकाबाट उपलब्ध विवरण परीक्षण गर्दा निम्नानुसारका लाभग्राहीको खाता निष्कृय रहेको पाइयो । पालिकाले निम्नानुसार निश्कृर्य भएका लाभग्राहीको खातामा रकम भए नभएको यकिन गरी रकम फिर्ता वा लगत कट्टा गर्नुपर्दछ।

क्र.सं.	खाता नं.	नाम	लिङ्ग	ना.प्रा.नं.
१	१८३०५२५००२६२४६	साङ्गे तामाङ	महिला	२४३०७३।२२२
२	१८३०५२५००२६०६२	कामी तामाङ	महिला	८५६४१
३	१८३०५२५००२६१९२	नन्दकुमारी पुरी	महिला	४७१
४	१८३०५२५००२६२६०	फुर सिंही लामा	पुरुष	२००६

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	वागमति प्रदेशको प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ अनुसार प्रदेश सरकारले आयोजना/ कार्यक्रमको कूल लागतको ५० प्रतिशत रकम समपुरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्थाबमोजिम ५० प्रतिशत रकम प्रदेश सरकार समपुरक अनुदान र बाँकी रकम पालिकाको अन्य श्रोतबाट व्यहोर्नुपर्ने देखिन्छ। पालिकाले प्रदेश समपुरक अनुदानतर्फ सम्झौता गरी कार्यान्वयन गरेका योजनाहरुको निर्माण कार्यको प्रारम्भिक प्रतिवेदनमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.३५९०५१८ बेरुजु कायम भएकोमा रु.१९००००० फिर्ता गरी रु.१६९०५१८ प्रदेश सञ्चित कोषमा दाखिला गर्न बाँकी रहेको छ। प्रदेश सरकारको अनुदान व्यवस्थापन कार्यविधि अनुसार खर्च लेखाङ्कन नगरेको रकम प्रदेश सञ्चित कोषमा पठाउनु पर्ने रु.	१६,९०,५१८

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : पाँचपोखरी थाङपाल गाउँपालिका, सिन्धुपाल्चोक , पाँचपोखरी थाङपाल गाउँपालिका , सिन्धुपाल्चोक

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४९१,६७२	३,५४३,६९३	६,६१९,४२५	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१०,६५४,७९०
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	५,७९९,६७४
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	१,६९०,५१८
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	६,५४५,६३४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		७४१९२८४०	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३२९९५८७२०	चालु खर्च	३११७७६९५२
प्रदेश सरकारबाट अनुदान	६४४४९०००	पूँजीगत खर्च	२१६२८५४३०
राजश्व बाँडफाँट	१३३३९०८११	वित्तीय/अन्य व्यवस्था	२१२३९७६८९
आन्तरिक आय	९६२६२५८.०		
अन्य आय	१७२६३९४६०		
कुल आय	७१००६४२४९.०	कुल खर्च	७४०४६००७१
बाँकी मौज्दात		४३७९७०१८	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०)

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२					
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)					
क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	१२,९८,१२,३४०.८४	१२,९८,१२,३४०.८४	८,९७,०३,३५९.०४	८,९७,०३,३५९.०४
१३०००	अनुदान	३५,६४,६८,३४६.९२	३५,६४,६८,३४६.९२	३४,७२,१०,११७.६०	३४,७२,१०,११७.६०
१४०००	अन्य राजस्व	१,२०,१७,५९९.३२	१,२०,१७,५९९.३२	३२,५५,९५२.४९	३२,५५,९५२.४९
१५०००	विविध प्राप्ति	१,६९,९०२.००	१,६९,९०२.००	८५०.	८५०.
क	कुल जम्मा प्राप्ति	४९,८४,६८,१८९.०८	४९,८४,६८,१८९.०८	४४,०१,७०,२७९.१३	४४,०१,७०,२७९.१३
३	चालु	३१,१७,७६,९५३.७४	३१,१७,७६,९५३.७४	३०,७९,०४,८८३.१२	३०,७९,०४,८८३.१२
२१०००	पारिश्रमिक / सुविधा	१५,४८,०६,९४३.३४	१५,४८,०६,९४३.३४	१५,९०,८५,५८९.१२	१५,९०,८५,५८९.१२
२२०००	मालसामान तथा सेवाको उपयोग	१५,१३,०३,८९०.४०	१५,१३,०३,८९०.४०	१२,९५,५७,३८९.००	१२,९५,५७,३८९.००
२५०००	सहायता (Subsidy)	०	०	३,२४,४९८.००	३,२४,४९८.००
२७०००	सामाजिक सुरक्षा	४४,११,१४६.००	४४,११,१४६.००	१,५९,८७,९०७.००	१,५९,८७,९०७.००
२८०००	अन्य खर्च	१२,५४,९७४.००	१२,५४,९७४.००	२९,४९,५००.००	२९,४९,५००.००
४	पूंजीगत	२१,८७,७०,७२८.७५	२१,८७,७०,७२८.७५	१७,७९,७९,०२७.८४	१७,७९,७९,०२७.८४
३१११०	भवन तथा संरचना	१,००,०००.००	१,००,०००.००	७८,९७,९५८.००	७८,९७,९५८.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	७९,६३,११९.००	७९,६३,११९.००	९९,१८,६७९.००	९९,१८,६७९.००
३११३०	अन्य पूँजीगत खर्च	२१,८५,३३३.००	२१,८५,३३३.००	२२,९०,६८५.००	२२,९०,६८५.००

३११५०	सार्वजनिक निर्माण	१९,९७,३६,९५७.७५	१९,९७,३६,९५७.७५	१५,००,४७,२६८.८४	१५,००,४७,२६८.८४
३११६०	निर्मितसरचनाको सुधार खर्च	११,५०,०००.००	११,५०,०००.००	२२,९१,०००.००	२२,९१,०००.००
३११७०	पूँजीगत सुधार खर्च	७६,३५,३१९.००	७६,३५,३१९.००	५५,३३,४३७.००	५५,३३,४३७.००
ख)	कुल जम्मा भुक्तानी	५३,०५,४७,६८२.४९	५३,०५,४७,६८२.४९	४८,५८,८३,९१०.९६	४८,५८,८३,९१०.९६
ग)	बचत /कमी (ग = क-ख)	(३,२०,७९,४९३.४१)	(३,२०,७९,४९३.४१)	(४,५७,१३,६३१.८३)	(४,५७,१३,६३१.८३)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	१६,६६,४४२.९७	१६,६६,४४२.९७	९१,८६,२८२.९६	९१,८६,२८२.९६
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी	-१६,३६०.००	-१६,३६०.००	८७१.	८७१.
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(३,०४,१३,०५०.४४)	(३,०४,१३,०५०.४४)	(३,६५,२७,३४८.८७)	(३,६५,२७,३४८.८७)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	७,४१,९३,७११.८३	७,४१,९३,७११.८३	११,०७,२१,०६०.७०	११,०७,२१,०६०.७०
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन				
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	४,३७,८०,६६१.३९	४,३७,८०,६६१.३९	७,४१,९३,७११.८३	७,४१,९३,७११.८३

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।